# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा

प.स.　　　　　　　　　　नुवाकोट,अर्घाखाँची
च.न.　　　　　　　　　　लुम्विनी प्रदेश,नेपाल

अनुदानको मल विक्रेताको लागि सहकारी संस्था,फर्म वा कम्पनिले विक्रेताको नियुक्ति लिने सम्वन्धि ७ दिने सुचना ।

दोश्रो पटक प्रकाशित मिति: २०७७/०९/२२

नेपाल सरकारले कृषकका लागि अनुदानमा उपलब्ध गराउने मलको स्थानीय तहमा आपूर्ति तथा वितरण व्यवस्थापन प्रभावकारी बनाउन नेपाल सरकारबाट२०७७भाद्र१ मा स्वीकृत अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ को दफा १२ अनुसार यो निर्देशिका प्रारम्भ हुनुपूर्व,मल वितरक कम्पनिबाट नियुक्ति लिएका विक्रेताहरुले यस निर्देशिका लागु भएको ९० दिन सम्म साविक बमोजिम कारोवार गर्न सक्ने र सो अवधि पछि स्वत:खारेजहुनेछन भन्ने व्यवस्था भएकोले यस निर्देशिकाको दफा १० को उपदफा १ बमोजिम गठित स्थानिय तह मल वितरण व्यवस्थापन समिति भूमिकास्थानको मिति २०७७/०९/०५ मा बसेको बैठकको निर्णय अनुसार दफा १५को उपदफा १ बमोजिमका मल विक्रेता नियुक्तिका लागि स्थानिय तहको आवश्यकता पर्ने हुँदा दफा ११ को उपदफा १ (ङ) बमोजिम मल वितरक कम्पनिमा मल विक्रेता नियुक्तिको लागि सिफारिस लिन दफा १५ को उपदफा ८ बमोजिम यस भन्दा अगाडि मलको कारोवार तथा विक्रि वितरण गरिरहेका एंव अन्य मलको कारोवार तथा विक्रि वितरण गर्न इच्छुक कृषि सहकारी संस्था, कृषि फर्म तथा कम्पनीहरुलाई यस नगरपालिकाको कुनै एक क्षेत्रका कृषकहरुलाई मात्र मल विक्रि वितरण गर्नेगरी सुचि दर्ताको निवेदन मिति २०७७ पौष २८ गते कार्यालय समय भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम तपशिल वमोजिमका कागजात सहित पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारीको लागि यो सुचना प्रकाशित गरएको छ ।

तपशिल

१. निवेदन ।
२. सहकारी संस्था,फर्म वा कम्पनि दर्ताको प्रमाण प्रत्र
३. स्थायी लेखा नम्वर (PAN no) प्रमाण पत्रको प्रतिलिपि
४. विगत २ आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
५. आ.व. २०७७/७८ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि
६. संस्थागत निर्णयको प्रतिलिपि
७. कार्य समिति सदस्यहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपि
८. रासायनिकमल विक्रेता/डिलरसिप प्रमाण पत्रको प्रतिलिपि
९. सम्वन्धित वडा कार्यालयको सिफारिस
१०. नाप तौल गर्ने मेसिन,गोमाद घर,सूचना प्रविधि लगायत भौतिक पूर्वाधारको विवरण
११. अनुभव,कार्यदक्षता,कार्यक्षमताको विवरण ।

पुनश्च: थप जानकारीका लागि कृषि विकास शाखामा सम्पर्क गर्न सकिने छ ।
सम्पर्क नं. ९८५७०६९९८६

०७७/०९/२२

लिल बहादुर राउत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

लिल बहादुर राउत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कृषि विकास शाखा

नुवाकोट,अर्घाखाँची

लुम्बिनी प्रदेश,नेपाल

प.स.

च.न.

मिति २०७७/०९/२२

सुचना सुचना सुचना

**प्लासटिक टनेल घर स्थापनाका लागि प्लासटिक टनेलको आवेदन सम्वन्धि १५ दिने सुचना ।**

प्रथम पटक प्रकाशित मिति: २०७७/०९/२२

प्रस्तुत विषयमा भूमिकास्थान नगरपालिका कृषि विकास शाखा मार्फत आ.व. २०७७/७८ मा संचालन हुने कार्यक्रम अनुसार मुख्यमन्त्री ग्रामिण विकास रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकाको वडा नं. २,३,४,६ र ८ का कृषकहरुलाई नि:शुल्क रुपमा १० मिटर लम्वाई र ६ मिटर चौडाईको सिल्पोलिन प्लासटिक टनेल वितरण कार्यक्रम भएकोले मापदण्ड भित्रका इच्छुक कृषक हरुले मिति २०७७/१०/०७ गते कार्यालय समय भित्र सम्वन्धित वडा कार्यालयमा आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ । म्याद नाघिसकेपछी प्राप्त निवेदन उपर कुनै कारवाही हुनेछैन ।

**आवश्यक कागजातहरु:**

१. अनुसुची-१ वमोजिमको निवेदन ।
२. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
३. निर्माण गरिने पूर्वाधारको लागत अनुमान अन्दाजी ।
४. सम्वन्धित वडा कार्यालयको अनुसुची-२ सिफारिस ।
५. कार्यक्रम संचालनको लागि जग्गाधनि दर्ता प्रमाण पत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नको लागि कम्तिमा २ वर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि ।

**आवश्यक मापदण्ड:**

१. विपन्न परिवारको हकमा
   क. फूसको छाना कच्ची घर भएको ।
   ख. ५ रोपनी भन्दा कम जग्गा जमिन भएको वा ३ महिनालाई खान नपुग्ने। अन्य व्यक्तिको जग्गा लिज/भाडामा लिई कृषि कार्य गरेको ।
   ग. परिवारको कुनैपनि सदस्यको रोजगारी नभएको ।
   घ. नगरपालिकाको स्थायी वासिन्दा।
   ङ. नेपाली नागरिक हुनुपर्ने।
   च. एकल महिला घरमुली भएको।
   छ. पूर्ण अपाङ्ग भएको परवार।
   ज. कोभिड लगायत अन्य महामारी रोगको कारण आन्तरिक तथा वैदेशदिक रोजगारी गुमाएको ।
   झ. उल्लेखित परिस्थिति रहेको भनि स्वघोषणा गरेको हुनुपर्ने ।

०९/२२

राम बहादुर थापा
कृषि अधिकृत

राम वहादुर थापा
कृषि अधिकृत छैटौं

७७/०९/२२

लिल बहादुर राउत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

लिल बहादुर राउत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

# भूमिकास्थान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा
नुवाकोट,अर्घाखाँची
लुम्बिनी प्रदेश,नेपाल

प.स.
च.न.

मिति २०७७/०९/२२

सुचना सुचना सुचना

**बाख्रा पालन आवेदन सम्वन्धि १५ दिने सुचना ।**

प्रथम पटक प्रकाशित मिति: २०७७/०९/२२

प्रस्तुत विषयमा भूमिकास्थान नगरपालिका पशु सेवा शाखा मार्फत आ.व. २०७७/७८ मा संचालन हुने कार्यक्रम अनुसार मुख्यमन्त्री ग्रामिण विकास रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकाको वडा नं १,५,७,९ र १० का कृषकहरुलाई निःशुल्क रुपमा प्रजनन योग्य बाख्रा वितरण कार्यक्रम भएकोले मापदण्ड भित्रका इच्छुक कृषकहरुले मिति २०७७/१०/०७ गते कार्यालय समय भित्र सम्वन्धित वडा कार्यालयमा आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ। म्याद नाघिसकेपछी प्राप्त निवेदन उपर कुनै कारवाही हुनेछैन ।

**आवश्यक कागजातहरुः**

१ अनुसुची-१ वमोजिमको निवेदन ।
२ प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
३ सम्वन्धित वडा कार्यालयको सिफारिस ।
४ कार्यक्रम संचालनको लागि जग्गाधनि दर्ता प्रमाण पत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नको लागि कम्तिमा २ वर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि ।

**आवश्यक मापदण्डः**

५ विपन्न परिवारको हकमा
- क. फूसको छाना कच्ची घर भएको ।
- ख. ५ रोपनी भन्दा कम जग्गा जमिन भएको वा ३ महिनालाई खान नपुग्ने। अन्य व्यक्तिको जग्गा लिज/भाडामा लिई कृषि कार्य गरेको ।
- ग. परिवारको कुनैपनि सदस्यको रोजगारी नभएको ।
- घ. नगरपालिकाको स्थायी वासिन्दा।
- ङ. नेपाली नागरिक हुनुपर्ने।
- च. एकल महिला घरमुली भएको ।
- छ. पूर्ण अपाङ्ग भएको परिवार।
- ज. कोभिड लगायत अन्य महामारी रोगको कारण आन्तरिक तथा वैदेशदिक रोजगारी गुमाएको ।
- झ. उल्लेखित परिस्थिति रहेको भनि स्वघोषणा गरेको ।
- ञ. कृषकले पाएका बाख्रा कम्तिमा ३ वर्ष पालन गर्नुपर्नेछ ।
- ट. अनुदानमा पाएका बाख्राको कृषकले अनिवार्य पशु विमा गराउनुपर्नेछ ।

अशोक खनाल
पशु स्वास्थ्य प्राविधिक
अशोक खनाल
पशुसेवा शाखा प्रमुख

लिल बहादुर राउत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत
लिल बहादुर राउत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत